# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश

पोखरा, नेपाल

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं. १ (लिलाम) /२०८२/८३
प्रथम पटक प्रकाशित मितिः २०८३ जेठ १४ गते

प्रस्तुत विषयमा मिति २०८२/०५/२४ गते भएको आगजनी र तोडफोडको क्रममा यस आयोगमा जलेर प्रयोगविहिन भएका चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधन, तोडफोड भएका फर्निचर, कम्प्युटर तथा सूचना प्रबिधिसंग सम्वन्धित उपकरण तथा अन्य मेसिनरी औजार जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायको शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुले यस आयोगको जिन्सी शाखावाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।
२. इच्छुक बोलपत्रदाताले सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) राष्ट्रिय बाणिज्य बैङ्क स्थित यस आयोगको कार्यालय कोड नं २१०००३९०१४ राजस्व शिर्षक नं १४२२९ मा रकम जम्मा गरी सक्कल राजस्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।
३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको ५ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।
४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औं दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. लिलाम बिक्री हुने सम्पत्ती तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।
६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं ३०२०१००२०२०३०००० मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर पेश गर्नु पर्नेछ ।
७. बोलपत्रदाताले बोलपत्र भर्दा तोकिएको फाराम बमोजिम भर्नु पर्नेछ। वोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मुल्याँकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।
८. बोलपत्र खरिद गर्दा दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।
९. लिलाम हुने सामाग्रीको कुल न्यूनतम मुल्य **३,६३,५२१/- (अक्षरुपी तीन लाख त्रिसठी हजार पाँच सय एक्काइस रुपैयाँ मात्र)** कायम गरिएको छ ।